नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक
अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
# राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या : २०८३।८४
चलानी नं. : १५०

मितिः २०८३/०६/२२

नेपाल सम्बत् ११४६

विषयः- तालीमका लागि मनोनयन गरी पठाउने सम्बन्धमा।

श्री स्थानीय तह सबै (१३६)
मधेश प्रदेश।

उपर्युक्त सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सानोठिमी भक्तपुरले यस परिषद्को समन्वय, सहयोग, सहजीकरण र सहकार्यमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ र यसको नियमावलीको नियम ८३ बमोजिम स्थानीय तहमा नै बाल संरक्षण सुनिश्चित गर्ने कार्यका निम्ति समाजसेवी तथा बाल मनोविज्ञ दक्षतामा आधारित १६९६ घण्टा अन्तर्गत व्यावसायिक बाल कल्याण सामाजिक कार्यकर्ता पाठ्यक्रम बमोजिम क्षमता अभिवृद्धि गरिदै आइएको छ। यही पाठ्यक्रम बमोजिम तीन महिना अवधिको तालीममा यसैसाथ संलग्न गरिएको मनोनयन गर्ने आधार तथा योग्यता र शर्तहरु अनुसार यही मिति २०८३ साल कात्तिक १६ गतेभित्र तहाँ स्थानीय तहमा स्थायी बसोबास गरेको, तोकिएको योग्यता पुगेको एक जना समाजसेवी र एक जना बाल मनोविज्ञ गरी दुई जनालाई मनोनयन गरी निजको नाम, ठेगाना, सम्पर्क नं., इमेल र वैयक्तिक विवरण (Bio-Data) सहितको विवरण यस परिषद् कार्यालयमा उपलब्ध गराई दिनुहुन आदेशानुसार अनुरोध छ।

सम्पर्क व्यक्तिः समन्वय अधिकृत, श्री संजिव महतो (मोबाइल नं. ९८४४०३८८१०)

२०८३/०६/२२
रामबहादुर चन्द
अधिकृत

बोधार्थ तथा समन्वयार्थ-:
श्री खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।



फोन नं. : ०१- ५४५०१२१, ५४५०१२४, ५४५०१४७
Tel. : 01-5450121, 5450124, 5450147
E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
श्रीमहल, पुल्चोक, ललितपुर

## तालीमका लागि मनोनयन गर्ने आधार तथा योग्यता र शर्तहरु

१. तालीममा मनोनयन गर्न छनौट गर्ने आधार तथा योग्यता देहाय बमोजिमको प्राथमिकता क्रमानुसार हुनेछः-

(क) सम्बन्धित स्थानीय तहको स्थानीय बाल अधिकार समितिमा सूचीकृत भै स्थानीय तहले नियुक्ति गरेका समाजसेवी तथा बाल मनोविज्ञहरुमध्ये एक जना समाजसेवी र एक जना बाल मनोविज्ञ गरी २ जना वा

(ख) नियुक्त गरेको एक जना मात्र समाजसेवी भएमा सूचीकृत भएको अर्को एक जना बाल मनोविज्ञ गरी २ जना वा

(ग) नियुक्त गरेको एक जना मात्र बाल मनोविज्ञ भएमा सूचीकृत भएको अर्को एक जना समाजसेवी गरी २ जना वा

(घ) हालसम्म समाजसेवी तथा बाल मनोविज्ञ वा समाजसेवी वा बाल मनोविज्ञ सूचीकृत हुन नसकेका स्थानीय तहमा तालीम लिए पश्चात स्थानीय बाल अधिकार समितिमा सूचीकृत तथा नियुक्त भई अनिवार्य रुपमा समाजसेवी वा बाल मनोविज्ञको पदमा रही काम गर्ने प्रतिबद्धता गरेको एक जना समाजसेवी र एक जना बाल मनोविज्ञको रुपमा तालीम लिन, मिति २०८३ साल कात्तिक १६ गते १८ वर्ष उमेर पूरा गरी ४० वर्ष उमेर पूरा नगरेको(साविक केन्द्रीय बाल कल्याण समिति वा परिषद्मा बाल अधिकार अधिकृत वा अधिकृतस्तर पदमा कार्यरत तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको हकमा लागू नहुने)व्यक्तिलाई सम्बन्धित स्थानीय तहको सिफारिसमा बालबालिका सम्बन्धी नियमावली, २०७८ नियम ८३ को उपनियम (२) बमोजिम हुने गरी देहाय बमोजिमको योग्यता भएकोलाई मनोनयन गर्नु पर्नेछः-

१. नेपाली नागरिक,

२. नैतिकपतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएको,

३. असल चरित्र भएको,

४. समाजसेवीको रुपमा तालीममा मनोनयन हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको भए सोलाई प्राथमिकता दिई मनोनयन गर्नु पर्ने र त्यस्तो नभएमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरेको,

५ बाल मनोविज्ञको रुपमा तालीममा मनोनयन हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोवैज्ञानिक विषयमा स्नातक गरेको भए सोलाई प्राथमिकता दिई

२०८२/०३/२२

मनोनयन गर्नु पर्ने र त्यस्तो नभएमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरेको,

६. उल्लिखित भए बमोजिम २ जना मनोनयन गर्न नसकिएमा कुनै एक जना समाजसेवी वा बाल मनोविज्ञको लागि मनोनयन गर्न सकिने ।

२. शर्तहरु

(क) तालीम लिए पश्चात स्थानीय तहमा सूचिकृत भई समाजसेवी वा बाल मनोविज्ञको पदमा अनिवार्य कामगर्ने प्रतिबद्धता गरेको (लिखित रुपमा प्रतिबद्धता पत्र पेश गरेको हुनु पर्ने),

(ख) तालीम बीचमा छोड्न नपाइने,

(ग) सम्बन्धित स्थानीय तहको सिफारिस अनिवार्य पेश गर्नु पर्ने,

(घ) १६९६ घण्टाको मोड्युलर तालीम अन्तर्गत तीन महिना १० दिनको तालीममध्ये सैदान्तिक तालीम कम्तीमा ३२ दिन प्रदेश स्तरमा सञ्चालन हुने र त्यसको सैद्धान्तिक प्रशिक्षण पश्चात कम्तीमा ६० दिनको प्रयोगात्मक तालीम सम्बन्धित स्थानीय तहमा गई सो सम्बन्धी काम गर्नुपर्ने। सैद्धान्तिक र प्रयोगात्मक परीक्षामा सफल भए पश्चातमात्र प्रमाणपत्र प्राप्त हुने।

(ङ) तालीम लिए पश्चात रोजगारीको लागि तालीम प्रदायकको भूमिका नहुने।

३. सेवा तथा सुविधा

(क) तालीम निःशुल्क रुपमा प्रदान गरिने।

(ख) सैद्धान्तक प्रशिक्षणको ३२ दिन र परीक्षा सञ्चालन हने १० दिन गरी ४२ दिन तालीम अवधिमा बास र खानाको लागि दैनिक रु. १२००/ र दिउँसोको खाजा उपलव्ध हुने।

(ग) तालीममा सहभागी हुने प्रशिक्षार्थीलाई तालीम प्रयोजनको लागि यात्राको क्रममा दैनिक खाना तथा बास खर्च वापत दैनिक रु. १२००/ र आउने जाने दिनको सार्वजनिक बसको लागेको यातायात खर्च उपलव्ध हुने।

(घ) सम्बन्धित स्थानीय तहमा ६० दिन गरिने प्रयोगात्मक तालीमका लागि स्वयम् प्रशिक्षार्थीले नै लाग्ने सम्पूर्ण खर्च व्यवस्थापन गर्नु पर्ने (यस अवधिमा खाना तथा बस्ने वापतको भत्ता र यातायात वापतको खर्च उपलब्ध नहुने)।

४. तालीम अवधि (परीक्षा बाहेकको ९० दिन)

(क) सैद्धान्तिक प्रशिक्षण एक महिना (३२ दिन),

(ख) सम्बन्धित स्थानीय तहमा गएर गर्नु पर्ने प्रयोगात्मक कार्यहरु दुई महिना (६० दिन),

(ग) सैद्धान्तिक र प्रयोगात्मक प्रशिक्षक प्रशिक्षण पश्चात परीक्षा अवधि १० दिन।

2073/8/22